**अनुसूची-१**

## प्रस्ताव आव्हानको सूचना

राष्ट्रिय दुग्ध विकास बोर्ड
मिल्किङ्ग मेसिन खरीदमा दिईने अनुदानको लागि प्रस्ताव आव्हान सम्वन्धी सूचना
प्रथम पटक प्रकाशित मितिः २०७१/१/३

यस वोर्डको आ.व. २०७०।७१ मा दुग्ध उत्पादक कृषक सहकारी संस्था/संघ/व्यावसायिक गाई भैंसी पालक कृषक/निजी फार्महरुका लागि मिल्किङ्ग मेसिन खरीद गर्न अनुदान दिने सम्वन्धमा प्रस्ताव आव्हानका लागि यो सूचना प्रकाशित गरीएको छ ।

१. अनुदान रकमः मिल्किङ्ग मेसिन खरीदका लागि प्रयोग गर्नु पर्ने छ ।

२. यो अनुदान कार्यक्रम माथि उल्लेख गरेका जम्मा २ (दुई) निकायलाई प्रति निकाय रु. ५०००००/- ( पाँचलाख रुपैया मात्र) का दरले अनुदान रकम उपलब्ध गराइने छ । प्रस्तावक संस्थाले न्युनतम सोही रकम वरावर लगानी गर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ ।

३. प्रस्तावकसंग वर्तमानमा कम्तीमा ३० दुधालु गाईभैंसी र न्युनतम प्रतिदिन ३०० लि दुध उत्पादन भएको हुनुपर्ने छ ।

३. प्रस्तावकले अनुसूची- २ अनुसारको निवेदनको ढाँचा, अनुसूची-३ प्रस्तावको ढांचा, अनुसूची-४ अनुसारको जिल्ला पशु सेवा कार्यालयको सिफारिश पेश गर्नु पर्ने छ ।

४. अन्य सरकारी वा गैर सरकारी निकायवाट यस सूचनामा उल्लेखित कामको लागी विगत २ बर्षसम्म यसमा उल्लेखित रकम बरावर वा सो भन्दा बढिको वस्तुगत तथा नगद अनुदान प्राप्त नगरेको हुनु पर्नेछ ।

५. संस्था दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धी कर (VAT) दर्ता प्रमाणपत्र वा स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्र, अघिल्लो बर्षको लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता गरेको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ ।

६. यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र यस वोर्डको कार्यालयमा प्रस्ताव पेश गरि सक्नु पर्नेछ ।

७. माथि उल्लेखित मिल्किङ्ग मेसिन अनुदान सम्वन्धी अनुसूचीहरु वोर्डको सूचनामा हेर्न सकिनेछ ।

**थप जानकारीको लागि सम्पर्क ठेगाना**

राष्ट्रिय दुग्ध विकास वोर्ड, हरिहर भवन, ललितपुर ।
फोन नं. ०१(५५२५४००, ५५४४७४७

**अनुसूची-२**
**निवेदनको ढांचा**

श्रीमान् कार्यकारी निर्देशकज्यू,
राष्ट्रिय दुग्ध विकास बोर्ड, हरिहरभवन, ललितपुर

**विषय : मिल्किङ्ग मेसनि खरीदमा अनुदान प्रस्ताव पेश गरिएको वारे ।**

राष्ट्रिय दुग्ध विकास बोर्डको मिति................को राष्ट्रिय दैनिक..........मा प्रकाशित सूचना अनुसार जिल्ला............गा.बि.स.............बजार/गाउँ.............मा सन्चालित............... दुग्ध उत्पादक कृषक सहकारी संस्था/संघ/व्यावसायिक गाई भैंसी पालक कृषक/निजी फार्महरुलाई मिल्किङ्ग मेसिनको आवश्यकता परेको हुंदा माग भएअनुसारको कागजात एवं जिल्ला पशु सेवा कार्यालयको सिफारिस सहित आवश्यक कार्यवाहीको लागि प्रस्ताव पेश गरेको छु ।

प्रस्तावक संस्थाको तर्फबाट

संस्थाको आधिकारीक प्रतिनिधिको नाम
दस्तखत
छाप

## अनुसूची-३
## परियोजना प्रस्तावको ढाँचा

१. संस्थाको परिचय (नाम, ठेगाना, स्थापना साल, दर्ता भएको निकाय, सम्पर्क नम्वर...)

२. उद्देश्य

३. परियोजनाको आवश्यकता

४. फर्म रहेको पशुसंख्या, दुधालु पशु संख्या र दैनिक दूध उत्पादन परिमाण

५. फर्ममा मौजुदा उपकरणहरुको नाम तथा वर्तमान अवस्था

६. मिल्किङ्ग मेसिनको लागत इष्टिमेट (पार्लर सहित एक पटकमा दूध दुहिने क्षमता) तथा संस्थाले व्यहोर्ने प्रतिशत रकम खुल्नु पर्ने

७. मिल्किङ्ग मेसिन स्थापनाका लागि आवश्यक पुर्वाधारको के कस्तो अवस्था रहेको छ निम्न अनुसारको उल्लेख गर्नुहोस् ।

क. दूध दुहिने ठाउँ (मिल्किङ्ग पार्लर) को पर्याप्त व्यवस्था ।

ख. स्वच्छपानीको पर्याप्त व्यवस्था ।

ग. मिल्किङ्ग पार्लर एवं चिस्यान कक्षको भूई तथा भित्ता सफा गर्न सजिलो हुनेगरी चिप्लो टायल र पक्का भुई ।

घ. पार्लरसंग जोडिने चिलिङ्गभ्याटको व्यवस्था ।

ङ. पार्लर एवं चिस्यान कक्षबाट निस्कने फोहर पानी निकासलाई वातावरण नबिग्रने गरी तह लगाउने व्यवस्था ।

च. पार्लर कक्षमा उज्यालो आउने र छाना उपयुक्त किसिमको वस्तु प्रयोग गरी छाएको ।

८. परियोजनाको सम्भाव्यता विस्तृत विवरण

- प्राविधिक पक्ष (हाल अपनाइरहेको प्रविधि, प्राविधिक कर्मचारी तथा त्यसको स्तर आदि)
- आर्थिक पक्ष (लगानीको श्रोत खूल्नू पर्ने)
- वातावरणीय पक्ष

**अनुसूची-४**
**जिल्ला पशु सेवा कार्यालयको सिफारिस पत्रको ढाँचा**

श्रीमान् कार्यकारी निर्देशकज्यू,
राष्ट्रिय दुग्ध विकास बोर्ड, हरिहरभवन, ललितपुर

**विषय : सिफारीस गरिएको वारे ।**

राष्ट्रिय दुग्ध विकास बोर्डको मिति....................को राष्ट्रिय दैनिक..............मा प्रकाशित सूचना अनुसार जिल्ला...................गा.बि.स.........................बजार/गाउँ.................मा सन्चालित................ दुग्ध उत्पादक कृषक सहकारी संस्था/संघ/व्यावसायिक गाई भैंसी पालक कृषक/निजी फार्महरुले सिफारीस पाउँ भनी दिनु भएको निवेदन उपर कारवाही हुंदा, ....... पशु संख्या र दैनिक ........ दुधालु पशुहरुबाट ................लिटर दुध उत्पादन गर्ने भएको हुंदा नियमानुसार मिल्किङ्ग मेसिन खरीदका लागि अनुदान रकम उपलब्ध गरिदिनु हुन सिफारिस सहित अनुरोध गर्दछु ।

कार्यालय प्रमुख

नाम
पद
दस्तखत
कार्यालयको छाप